श्री नेपाल सरकार,
शिक्षा मन्त्रालय, सिंहदरवारमा पेस गरेको

# कार्यक्रम अनुगमन प्रतिवेदन
२०७३/२०७४

अनुगमन गरिएका जिल्ला
सुनसरी र मोरङ्ग


<u>अनुगमनकर्ता</u>
सहसचिव डा. हरि प्रसाद लम्साल
उपसचिव गोबिन्द प्रसाद शर्मा

## श्री नेपाल सरकार, शिक्षा मन्त्रालय, सिंहदरवारमा पेस गरेको कार्यक्रम अनुगमन प्रतिवेदन

### १) पृष्ठभूमि

शिक्षा मन्त्रालयको मिति २०७३।०८।१५ गतेको माननीय मन्त्रीस्तरीय निर्णय अनुसार यस बर्षको बार्षिक कार्यक्रम अनुगमन गर्ने निर्णय भएकोमा मन्त्रालयको मिति २०७३।११।०५ गतेको स्वीकृत भ्रमण आदेशानुसार कोशी अञ्चल अन्तर्गत जिल्ला शिक्षा कार्यालय मोरङ्ग र सुनसरीसमेतको मिति २०७३।११।०८ मा अनुगमन गरिएको थियो।

### २) अनुगमनको उद्देश्य

शिक्षा मन्त्रालय अनुगमन, मुल्याङ्कन तथा निरीक्षण महाशाखाको च.नं.२३, मिति २०७३।०८।२२ गतेको पत्रानुसार कोशी अञ्चल अन्तरगतका जिल्ला शिक्षा कार्यालय मोरङ्ग र सुनसरी जिल्लाहरूमा सञ्चालित कार्यक्रमहरूलाई प्रभावकारी रूपबाट तोकिएको समयमानै सञ्चालन तथा सम्पन्न गरी लक्षित उपलब्धी हाँसिल गर्न, गराउन सहयोग पुर्याउने उद्देश्यले कार्यक्रम अनुगमन गरिएको थियो ।

### ३) अनुगमनटोली तथा अनुगमनमा अपन्याइएका विधि :

शिक्षा मन्त्रालय, शैक्षिक व्यवस्थापन महाशाखाका सहसचिव डा.हरि प्रसाद लम्सालको नेतृत्वमा उपसचिव गोबिन्द प्रसाद शर्मासमेतको टोलीबाट जिल्ला शिक्षा कार्यालय मोरङ्ग र सुनसरीका साथै शैक्षिक तालिम केन्द्र सुनसरीको यस आ.ब.तथा विगत आ.ब.का कार्यक्रमहरूको अनुगमन गरिएको थियो । अनुगमन गर्दा सरोकारवालाहरू संग छलफल, अन्तरक्रिया, जिल्ला शिक्षा कार्यालयको स्टाफ बैठक तथा अभिलेख व्यवस्थापनसमेतको अवलोकन एवम् अनुगमन गरिएको थियो । साथै अनुगमनका क्रममा जिल्ला शिक्षा कार्यालय मोरङ्ग र एजुकेशन हेल्प लाईनको

संयुक्त आयोजनामा गुणस्तरीय शिक्षाका लागि विद्यालय सम्वाद कार्यक्रममा समेत सहभागी भई शैक्षिक कार्यक्रम सम्वन्धमा समेत छलफल, अन्तरक्रिया गरिएको थियो ।

### ४) अनुगमनका प्राप्ती

उक्त जिल्लाहरूमा यस आ.ब. ०७३/०७४ तथा विगत आ.ब.को बेरूजु फछ्र्यौट लगायत जिल्लास्तरीय कार्यक्रम अनुगमन गर्ने कार्य सम्पन्न भएको छ । यस अनुगमनले जिल्लामा सञ्चालित कार्यक्रमहरू नियमित रूपमा सञ्चालन भएको पाइयो, तथापि अनुगमनका क्रममा देहायका सवल पक्ष तथा सुधारात्मक पक्ष पाइयो ।

## क ) सवल पक्ष

- वाल विकास केन्द्रमा बि.एड.उत्तीर्ण गरेकासमेतले सहयोगी कार्यकर्ता भै कार्य गरेको पाईयो ।
- त्यस्तै तोकिएको मापदण्डका आधारमा विद्यालयलाई प्रदान गरिने अनुदानलाई प्रभावकारी रूपबाट वितरण गरि लक्षित उद्देश्य पुरा गर्ने हेतुले School Census को भरपर्दो आधार Flash Report को अलावा विद्यार्थी प्रमाणिकरणलाई मुख्य आधार वनाई अनुदान वितरण गर्ने र सो को अनुगमनको व्यवस्था गर्ने गरिएको पाईयो ।
- भौतिक निर्माण र सुधारका कार्यक्रमहरू स्रोतकेन्द्रस्तरीय प्र.अ. बैठक, जिल्ला शिक्षा कार्यालयमा भएको उप जि.शि.अ., वि.नि./स्रोतव्यक्तिहरूको मासिक बैठकवाट तोकिएको मापदण्डका आधारमा वितरण भएको पाईयो ।
- कतिपय वा.वि.के.मा स.का नियुक्ति भएतापनि तालिम उपलब्ध हुन नसकेकोमा यस आ.ब.मा शै.ता.के. सुनसरीले २५ जनालाई १५ दिने तालिम र कार्यरत सहयोगी कार्यकर्ता २५ जनालाई ६ दिने पुर्नताजगी तालिम सञ्चालन गरेको पाईयो ।

- मोरङ्ग जिल्लामा प्राप्त अख्तियारीको आधारमा मात्र बजेट वाडफाँड नगरि प्राप्त तथ्याङ्कको सत्यापनको आधारमा मात्र विद्यालयलाई निकासा दिदा वित्तिय प्रगतिमा कमि हुने भएता पनि विद्यार्थी प्रमाणिकरण जस्ता कार्यक्रमको आधारमा सुविधा वितरण गरिएको पाईयो । जुन पक्ष अन्य जिल्लाहरूलेसमेत अनुकरण गर्न योग्य छ ।

- जिल्ला शिक्षा कार्यालय सुनसरीले जिल्ला शिक्षा कार्यालय आफैंले अनुगमन योजना बनाइ जिम्मेवारीका साथ कार्यक्रमको अनुगमन व्यवस्था गरेको साथै स्रोतकेन्द्र तथा प्रधानाध्यापकलाई जिम्मेवार वनाउन कार्य सम्पादन संझौता गरेको पाईयो ।

- जिल्ला शिक्षा कार्यालय सुनसरीले शिक्षक सेवा आयोगबाट प्रचलित कानून बमोजिम सिफारिस भै आएका सबै शिक्षकलाई नियुक्ति पदस्थापन गरेको साथै पदस्थापन गर्दा कोही पनि विस्थापित नभएको ।

- मोरङ्ग जिल्लामा हाल प्रत्येक विद्यालयले आफ्नो विद्यालयमा कार्यरत सबै शिक्षकहरूलाई नीजहरूको बैंक खातामा तलव भत्ता भुक्तानी गरेको भएतापनि दोहोरो भरपाई लिने गरिएको पाईयो ।

- दुबै जिल्लाका झण्डै ७० प्रतिशत भन्दा बढि विद्यालयमा वि.व्य.स.गठन प्रकृया सम्पन्न भएको पाईयो ।

- सुनसरी जिल्लाले साक्षर जिल्ला घोषण गर्ने आधार पुरा गरेकोले घोषणाको तयारीमा रहेको जानकारी प्राप्त भयो ।

- जिल्लामा सञ्चालित सबै गैर सरकारी संस्थाहरूले शैक्षिक कार्यक्रम संचालन गर्दा जिल्ला शिक्षा कार्यालय संग समन्वय गर्ने गरेको जानकारी प्राप्त भयो ।

- मोरङ्ग जिल्लाका विद्यालयहरूमा आ.ब.२०७१।०७२ सम्मको लेखा परीक्षण सम्पन्न भएको पाईयो ।

- हालै मोरङ्ग जिल्लाले रू २ करोड पचास लाख बेरूजु सम्परीक्षणका लागि पेस गरेको जानकारी पाइयो ।

- दुबै जिल्लामा शिक्षकको तलबि प्रतिवेदन पारित भएको पाईयो ।

- दुबै जिल्लामा बढि निकाशा भएको पाईएन।

- जिल्लास्तरमा शैक्षिक कार्यक्रमहरूको नियमित अनुगमन हुने गरेको पाईयो ।

## ख ) सुधार गर्नुपर्ने पक्ष

- शिक्षक सेवा आयोगबाट प्रचलित कानून बमोजिम सिफारिस भै आएका माध्यमिक तहका १६जना शिक्षकलाई जिल्ला शिक्षा कार्यालय मोरङ्गले कानून बमोजिम तोकिएको समयसम्ममा नियुक्ति दिनु पर्नेमा हालसम्म पनि नियुक्ति पदस्थापन नगरेको पाईएकोले अविलम्व नीजहरूलाई तोकिए बमोजिम नियुक्ति पदस्थापन गर्न निर्देशन दिईएको छ ।

- जिल्लावाट प्रवाहहुने सम्पूर्ण शैक्षिक कार्यक्रमले शिक्षामा पहुँच र त्यसको सुनिश्चितता प्रदान गर्न सहयोग पुराउनु पर्दछ । यसै सन्दर्भमा दुवै जिल्लामा यस आ.व. कार्यक्रमहरू स्वीकृत भै जान ढिलाइ भएको पाइयो । यसले समग्र कार्य सम्पादनमा ढिलाभै शैक्षिक पहूँचको सुनिश्चितता र सेवा प्रवाहका अतिरिक्त अपेक्षित नतिजा प्राप्तीमा अवरोध सृजना गर्दछ । विगत आ.व.मा यस जिल्लामा भएका कार्यक्रमहरूको अनुगमनबाट पृष्ठपोषण लिई यस चालु आ.व.को कार्यक्रमको सञ्चालन,उपलब्धि अनुगमन गर्नु पर्ने देखिन्छ ।

- दुबै जिल्ला शिक्षा कार्यालयको स्टाफ बैठकमा कार्यक्रमलाई अझै प्रभावकारी रुपमा सञ्चालन गरी लक्षित उपलब्धी हाँसिल गर्न उप जिल्ला शिक्षा अधिकारी र विद्यालय

निरीक्षकहरुलाई स्पष्ट जिम्मेवारी सहितको कार्यादेश दिई काममा लगाउन निर्देशन दिईएको थियो ।

- जिल्ला शिक्षा कार्यालय मोरङ्गमा सिमान्तकृतलाई मात्र दिवा खाजाका लागि रकम निकाशा भएको तर दलितलाई नदिदा कार्यक्रम सञ्चालनमा विवाद बढेको साथै विभागबाट Flash र Scholarship सम्वन्धी निर्देशिकामा मुसहरलाई एउटामा सिमान्तकृत मानेको र अर्कोले नमानेकोले विभागले दिईएको निर्देशनमा फरक फरक व्याख्याले दुविधा उत्पन्न भएकोले सो सम्वन्धमा विभागवाट अविलम्ब स्पष्ट निर्देशन गर्नुपर्ने ।
- शिक्षक सेवाबाटै स्रोतव्यक्तिहरु नियुक्त हुने तर स्रोतव्यक्तिहरुलाई TPD तलिमको व्यवस्था नहुदा बढुवा प्रयोजनमा, पदोन्नतिमा असर परेकोले अन्य शिक्षक सरह TPD तालिमको व्यवस्था गर्न उपयुक्त हुने ।
- जिल्ला शिक्षा कार्यालयबाट बैंकं खाताको रकम पोष्टिङ्गलाई हेरेर जिल्ला शिक्षा कार्यालय वा स्रोतकेन्द्रमा गै कुन कुन शिर्षकमा के कति रकम निकासा भएको रहेछ भन्ने जानकारी लिनुपर्ने विगतको अवस्थालाई हटाउने उद्देश्यले प्रत्येक विद्यालयलाई कुन कुन शीर्षकमा कहीले कहीले के कति रकम निकासा भयो भन्ने स्पष्ट जानकारी गराउन जिल्ला शिक्षा कार्यालयको वेवसाईटमा सूचना प्रकाशन तथा विद्यालयलाई अनुदान निकासा सम्वन्धी पत्र दिने व्यवस्थालाई कडाईका साथ लागु गर्नु पर्ने साथै शीर्षक अनुसार प्राप्त रकम खर्च गर्ने आधार के हो ? त्यस्ता कार्यक्रमको लक्ष्य तथा उद्देश्य सहितको जानकारी समेत प्रत्येक विद्यालयलाई लिखित रूपमा उपलव्ध गराउन शिक्षा विभागबाट प्रदान गरिने निर्देशन, निर्देशिका समयमा नै सबै विद्यालयलाई उपलब्ध गराई सो बमोजिम गर्न गराउन पर्ने देखिन्छ ।

- सञ्चालन भएका वा.वि.के.हरू मध्ये धेरै जसो कम वालवालिका ९/१० जना वालवालिका र भौगोलिक रूपमा पनि ज्यादै नजिक भै मर्ज गर्नु पर्ने अवस्थामा रहेको सरोकार पक्षको छलफल एवम् कार्यालयको अभिलेखवाट देखिन्छ, तत् सम्वन्धमा विभागबाट स्पष्ट निर्देशन दिनुपर्ने देखिन्छ।

- वाल विकास केन्द्रमा कार्यरत सहयोगि कार्यकर्ता अवसरको खोजिमा रहने र अन्य अवसर प्राप्त भएमा स्थान रिक्त हुने अवस्था यी दुबै जिल्लामा पनि रहेको र त्यस्तो संख्या धेरै हुने गरेको छ । यस्ता स्थानमा नयाँ स.का. छनौट भइ आउने र तिनीहरू तालिम अप्राप्त र कोरा रहने हुँदा लक्षित उद्देश्य प्राप्ती तथा तालिम व्यवस्थापनमा समस्या रहेकोले विभागसमेतबाट आवश्यक व्यवस्था हुनु पर्ने देखिन्छ ।

- दुबै जिल्लामा प्राप्त रकमलाई कार्यक्रमको भावना,मर्म र तोकिएको मापदण्डलाई आधार लिई वितरण गर्नका लागि विद्यालय अनुदान कार्यान्वयन निर्देशिकासमेतको आधार लिनु पर्ने र कार्यक्रम अनुगमन गर्नु पर्नेमा सो अनुरूप नभएको आभाष पाईयो ।

- विद्यालय सञ्चालन अनुमति साथै कक्षा थप लगायत कक्षा ११ को अनुमतिकालागि निवेदन पेश भएका सो सम्बन्धमा थप स्पष्ट निर्देशन हुनुपर्ने ।

- जिल्ला शिक्षा कार्यालयबाट मासिक रूपमा शिक्षक तलब निकाशा हुने गरी अग्रीम चौमासिक निकाशा दिदा विद्यालयले प्रचलित कानून अनुसार महिना समाप्त भए पछि खर्च लेख्नु पर्नेमा जि.शि.का.बाट निकाशा भए लगत्तै खर्च गर्ने गरेको आभाष पाईयो सो सम्वन्धमा विभागसमेतबाट प्रभावकारी अनुगमन निरीक्षण गर्ने गराउने ।

- तालिम केन्द्र इनरूवामा भएको पूर्वाधारको अधिकतम प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्ने।

- जिल्ला शिक्षा कार्यालय सुनसरीको भवन पुरानो मर्मत सम्भार हुन पर्ने साथै कार्यालय परिषरमा घेरावार नहुदा सुरक्षा जोखिम बढेकोले कम्पाउण्डवालका लागि विभागले आवश्यक व्यवस्था मिलाउनु पर्ने ।

- सुनसरी जिल्लाको आ.ब. २०६५।०६६ देखि २०७१।०७२ सम्मको बेरूजु ३२ करोड रहेकोमा ७ करोड भन्दा बढि फर्छ्यौट भई हाल २४,७५,८८००० बेरूजु फर्छ्यौट हुन बाँकी रहेको ( प्राय सबै बेरूजु भौतिक तर्फको भएको) ।

- एक शिर्षकमा निकाशा भएको रकम अर्कै शिर्षकमा खर्च हुने गरेको (छात्रवृत्ति रकम तलब भत्तामा) ले त्यस्तो कार्यमा सम्लग्नलाई कारवाही गरी आर्थिक अनुशासन कायम गर्नु गराउनु पर्ने।

- जिल्ला शिक्षा कार्यालय मोरङ्गको गत विगत बर्षको १७ करोड बेरूजु रहेका । यस आ.ब.मा २२ करोड भवन निर्माण तर्फको प्रभावकारी कार्यान्वयन नभएमा यस आ.ब.मा बेरूजु रकम झन बढन सक्ने भएकोले समयमा नै रित पूर्वक कार्य सम्पन्न गर्न गराउन जिशिकालाई विभागबाट थप निर्देशन दिने ।

- जिल्ला शिक्षा कार्यालय मोरङ्गमा कार्यालय सहयोगी पद रिक्त रहदा नियुक्ति गर्न नमिल्दा हाल दुई जनामात्र कार्यरत रहेकाले कार्य सम्पादनमा समस्या रहकोले विभागले सो को व्यवस्थापनमा सहजिकरण गर्ने ।

## ५) स्थलगत अनुगमनका क्रममा सम्वन्धित क्षेत्रमा नै सुधारका लागि दिईएका सुझावहरू:

- शिक्षक सेवा आयोगबाट प्रचलित कानून बमोजिम सिफारिस भै आएका माध्यमिक तहका १६ जना शिक्षकलाई अविलम्ब नियुक्ति पदस्थापन गर्न लिखित निर्देशन दिईएको छ ।

- जिल्ला शिक्षा कार्यालयबाट जुन शीर्षकमा रकम निकाशा भएको हो सोही शीर्षकमा तोकिएको प्रक्रिया पुरा गरी खर्च गर्ने व्यवस्था मिलाउन लिखित निर्देशन दिईएको छ ।
- वेरूजु फछ्यौंटको अवस्थालाई हेर्दा विद्यालयको अडिट रिपोर्टलाई हेर्दा वेरूजु नदेखिने तर जिल्ला शिक्षा कार्यालयमा बेरूजु रहि रहेको पाईयो, त्यसैले विद्यालयको वेरूजु हुँदा हुदै पनि बेरूजु नऔल्याउने अडिटरलाई पुन विद्यालयको अडिटको जिम्मा नदिन निर्देशन दिईएको ।
- आर्थिक शुसासन कायम गर्ने साथै तोकिए बमोजिम बेरूजु फछौंट गर्ने, गराउने ।
- जिल्लामा सञ्चालित कार्यक्रमहरूको प्रभावकारी रूपमा नियमित अनुगमन निरीक्षण गर्ने गराउने ।
- कक्षा ११ र १२ मा अध्यापन गर्ने शिक्षकहरुले अध्यापन अनुमति पत्र लिने सम्वन्धमा रहेका जिज्ञाशालाई थप स्पष्ट पारिएको ।
- अनुगमनका क्रममा दिईएका लिखित सुझावहरूको छाँयाप्रति यसै प्रतिवेदनसाथ सम्लग्न छन् ।

## ६) समग्र सुधारका लागि सुझावहरू:

- जिल्लावाट प्रवाहहुने सम्पूर्ण शैक्षिक कार्यक्रमले शिक्षामा पहुँच र त्यसको सुनिश्चितता प्रदान गर्न सहयोग पुर्याउनु पर्दछ । यसै सन्दर्भमा दुवै जिल्लाबाट विद्यालयहरूमा यस आ.व. का कार्यक्रमहरू स्वीकृत भै जान ढिलाइ भएको पाइयो । यसले समग्र कार्य सम्पादनमा ढिला भै शैक्षिक पहूँचको सुनिश्चितता र सेवा प्रवाहका अतिरिक्त अपेक्षित नतिजा प्राप्तीमा अवरोध सृजना गर्दछ । विगत आ.व.मा यस जिल्लामा भएका

कार्यक्रमहरूको अनुगमनबाट पृष्ठपोषण लिई यस चालु आ.व.को कार्यक्रमको सञ्चालन,उपलब्धि अनुगमन गर्नु पर्ने देखिन्छ ।

- भौतिक निर्माण र सुधार तर्फ केही विद्यालयहरूले कार्य सम्पन्न नगर्दा नगर्दै रकम निकासा भएको तथा निकासा भएको रकम कार्य सम्पन्न नहुदै खर्च भै सकेको देखिन्छ । त्यस्तै कार्य सम्पन्न नगरेका विद्यालयहरूलाई पुन थप कार्यक्रम दिने गरेको कार्यालयको अभिलेख अध्ययनको क्रममा देखिएकोले आगामि दिनमा त्यस्तो कार्य रोक्न विभागबाट थप निर्देशन दिने।

- वेरूजु फछ्र्यौटको अवस्थालाई हेर्दा विद्यालयको अडिट रिपोर्टलाई हेर्दा वेरूजु नदेखिने तर जिल्ला शिक्षा कार्यालयमा बेरूजु रहि रहेको पाईयो, त्यसैले विद्यालयको वेरूजु हुँदा हुदै पनि बेरूजु नऔल्याउने अडिटरलाई पुन विद्यालयको अडिटको जिम्मा नदिने व्यवस्था गर्नु पर्ने ।

- छलफलको क्रममा शिक्षक तालिम तर्फ परम्परागत विद्यालयल(गुम्वा, गरूकुल र मदरसा) लाई शिक्षक तालिम तथा सो को अनुगमनको आवश्यकता रहेको पाइयो । तोकिएको योग्यता पुरा गरेका नेपाली नागरिकलाई शिक्षकमा नियुक्त गर्ने व्यवस्था कडाईका साथ लागु गर्नु पर्ने ।

- जिल्लाले अनुगमन योजना वनाइ प्रभावकारी रूपबाट अनुगमन गर्नु पर्ने र त्यस्तो अनुगमन कार्य सञ्चालन गर्दा दैनिक प्रशासनिक कार्य लगायत सेवाग्राहिका कार्यहरू तोकिएको समयमा नै सम्पन्न हुने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

- विद्यालयलाई अनुदान निकासा दिदा सो को साथमा अनिवार्य कुन,कुन शीर्षकमा के कती रकम निकासा भएको हो र उक्त रकम खर्च गर्ने आधार एवम् दर के कस्तो छ सो सम्वन्धि लिखित जानकारी सम्वन्धित विद्यालय र स्रोतकेन्द्रलाई दिनुका साथै जि शि का

को वेवसाईटमा प्रकाशन गर्ने व्यवस्था वेवसाईट, विद्यालय र स्रोतकेन्द्रको अनुगमनमा नदेखिएकोले सो को व्यवस्था मिलाउनु पर्ने ।

- धर्मिक विद्यालय (मदरसा)को बर्गिकरण गरेर मात्र अनुदान दिनु पर्ने /धार्मिक शिक्षाको साथसाथै प्राविधिक शिक्षामा समेत जोड दिनु पर्ने ।

## ७) प्रतिवेदन साथ सम्लग्न कागजातहरू

- अनुगमनमा प्रयोग गरिएका फारामहरू ।
- अनुगमनको क्रममा दिईएका लिखित निर्देशनहरू उल्लिखित निरीक्षण पुस्तिकाको छाँयाप्रति पाना २ ।

<u>अनुगमन प्रतिवेदन प्रस्तुतकर्ता</u>

सहसचिव डा. हरि प्रसाद लम्साल

उपसचिव गोबिन्दप्रसाद शर्मा

शिक्षा मन्त्रालय